# पञ्चेश्वर गाउँपालिका

आर्थिक वर्ष २०८०/०८१

को

# नीति तथा कार्यक्रम

पञ्चेश्वर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**आम्चौरा, बैतडी**

सुदूरपश्चिम प्रदेश, नेपाल

Website :www.pancheshwormun.gov.np
Email :ito.pancheshwormun@gmail.com
info@pancheshwormun.gov.np

१० असार २०८०

पञ्चेश्वर गाउँपालिकाको तेह्रौं गाउँ सभामा उपाध्यक्ष श्री बिना भट्ट ज्यूद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम

**"एक वडा एक नमूना कार्य, आर्थिक समृद्धिमा जोड ।**
**सामाजिक, पूर्वाधार, सुशासन सहित उज्यालो पञ्चेश्वर।।"**

गाउँपालिका अध्यक्ष ज्यू,
कार्यपालिका सदस्य ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ सभा सदस्य ज्यू,
बुद्धिजीवि वर्ग,
पत्रकार ज्यूहरु,
गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी ज्यूहरु ।

यस पञ्चेश्वर गाउँपालिकाको तेह्रौं गाउँसभाको नीति तथा कार्यक्रम प्रस्तुतिको उद्घाटन समारोहमा उपस्थित हुनु हुने गाउँसभा सदस्यहरु, पत्रकार, सुरक्षाकर्मी, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा हामीलाई असाध्यै माया गर्नु हुने तमाम गाउँपालिका वासी दाजुभाइ, दिदीबहिनी बुवा आमाहरुमा गाउँपालिकाको तर्फबाट एवं आफ्नो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिनन्दन व्यक्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गरी गाउँपालिकाको समृद्धि र विकास तर्फ अगाडि बढन आज नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा १९ को उपदफा १ बमोजिम् गठित स्थानीय सरकारको प्रतिनिधिको रुपमा पञ्चेश्वर गाउँपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दैछु ।

यस घडीमा गाउँसभालाई सम्बोधन गरि रहँदा म राष्ट्रलाई निरङ्कुश सामन्ती शासन प्रणालीको अँध्यारो युगबाट जनताका प्रतिनिधि मार्फत राज्य सञ्चालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्याउने क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान समेत स्मरण गर्न चाहन्छु साथै यस पञ्चेश्वर गाउँपालिकाले विभिन्न घटना तथा दुर्घटना परी ज्यान गुमाउनु हुने निवर्तमान जनप्रतिनिधिहरु तथा कर्मचारीहरु र कोभिड १९ को महामारीमा परी ज्यान गुमाउनु भएका सम्पूर्ण पञ्चेश्वर वासी तथा नेपाली जनहरुमा समेत भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

२०७४ असार १४ गते प्रथम ऐतिहासिक स्थानीय तहको निर्वाचनबाट र मिति २०७९ साल बैशाख ३० गतेको दोश्रो स्थानीय तह निर्वाचनबाट हामीलाई अत्याधिक माया गरेर निर्वाचित गराउनु हुने गाउँपालिका वासीहरुलाइ समेत

धन्यवाद ज्ञापन गर्दछु। जन निर्वाचित गाउँपालिका उपाध्यक्षको हैसियतबाट ५ वर्ष पुरा गरी दोश्रो कार्यकालको दोश्रो बर्ष प्रवेश गर्दा तेह्रौं गाउँ सभा आ.व. २०८०/०८१ को वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण एवं कार्यान्वयन गर्ने विशिष्ट क्षणमा हामी आइपुगेका छौं। संविधानको भावना बमोजिम जनप्रतिनिधिहरुलाई लोकतान्त्रिक पद्धति मार्फत संघीय शासन प्रणालीलाई थप संस्थागत गर्ने जिम्मेवारीका साथ आज हामी यो गाउँ सभामा उपस्थित भएका छौं। तपाईहरु सबै जनप्रतिनिधि एवं गाउँपालिका बासीहरुको साथ सहयोग र सद्भावका कारण यो ऐतिहासिक जिम्मेवारी सफलता पूर्वक सम्पन्न हुने विश्वास लिएकी छु। साथै गत वर्षको गाउँसभाबाट पारित भएका सबै नीति तथा कार्यक्रमहरु सफल बनाउन सहयोग गर्नुहुने तथा सल्लाह सुझाव समेत दिनुहुने गाउँ सभा र कार्यपालिकाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी साथीहरु, उपभोक्ता समितिका पदाधिकारीहरु, विषयगत समितिका पदाधिकारीहरु लगायत आम सरोकारवाला विकास प्रेमीहरुमा हृदयदेखि नै हार्दिक धन्यवाद दिन चाहान्छु।

अब म पञ्चेश्वर गाउँपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका मुख्य आधारहरु सम्मानित सभामा पेश गर्न चाहान्छु।

१) नेपालको संविधान।
२) स्थानीय सरकार सञ्चालन ऐन २०७४।
३) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्ड।
४) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७८।
५) राजश्व परामर्श समितिको प्रतिवेदन।
६) श्रोत तथा बजेट सीमा निर्धारण समितिको सिफारिस।
७) संघीय तथा प्रदेश सरकारको वार्षिक बजेट।
८) निर्वाचनको बेला गाउँपालिका वासीहरु सामु गरेको प्रतिबद्धता एवं घोषणाहरु।
९) वडाहरुको जनसंख्या, भुगोल, क्षेत्रफलको आधार।

आदरणीय अध्यक्ष ज्यू लगायत सभाका सदस्य ज्यू हरु,
अब म यस गाउँपालिकाले आ.व. २०८०/०८१ मा लिएका मुख्य नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## १) आर्थिक विकास सम्बन्धी नीतिः

### कृषि तथा पशु :

- ❖ लम्पि स्किन रोग पूर्ण रुपमा नियन्त्रण गर्नका लागि घर टोलमा खोप कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ पशु सेवा शाखामा आवश्यक पर्ने औषधि तथा खोप खरिद गरि पशु उपचारमा जोड दिइनेछ।
- ❖ पञ्चेश्वर गा.पा. को ३ ओटा क्षेत्र कुलाउ, आम्चौरा र गणमेश्वर मा एग्रोभेट संचालनका लागि ५०% अनुदान दिइनेछ।
- ❖ स्वच्छ पशु तथा पशुजन्य पदार्थ उत्पादनका लागि वडाहरुको समन्वय तथा साझेदारीमा पशु स्वास्थय शिविर सञ्चालन गरिनेछ।



२०८०/३/२८

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

- महिलाहरुको सीप, क्षमता तथा दक्षता वृद्धि गर्न "महिला आत्मनिर्भरको लागि बाख्रापालन" कार्यक्रम सञ्चालन गरिनेछ।
- पशु आहारामा अति आवश्यक पर्ने घाँस विकासलाई मध्यनजर गर्दै यस क्षेत्रका लागि हिउँदे, वर्षे र डाले घाँसको विउ तथा विरुवा वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
- अण्डामा आत्मनिर्भर बन्नका लागि कम्तिमा २ क्षेत्रमा व्यवसायिक लियर्स फर्म सञ्चालन गरिनेछ।
- पशुपञ्छि बिमा र पशुपञ्छिमा लाग्ने रोगहरु सम्बन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यवसायिक बाख्रापालन, कुखुरापालन , डेरि पसल आदि कार्यक्रममा समुहगत अनुदान दिइनेछ।
- **"रैथाने बालीमा गर्व गरौ"** भन्ने मूल नाराका साथ परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने बालीको विउ संरक्षण गरि खेति विस्तार गरिने छ। स्थानीय आलु,तिल ,राजमा ,कोदो ,फापर ,चिनो ,गहत ,जौ ,उवा ,पिडालु , बालीहरु ब्राण्डीन गरि उत्पादन र बजारीकरणमा सहयोग गरिनेछ।
- खाध्यान बालीमा आत्मनिर्भर बनाउने हेतुले यस पालिका भित्रका सम्पूर्ण किसानहरुलाई समयमा नै गुणस्तरीय र उन्नत जातको बिउ उपलब्ध गराइने छ। साथै बालीमा देखिने सबै किसिमको समस्याको निराकरण तथा समाधान गर्न जोड दिनेछ।
- सम्भावित ठाउँको पहिचान गरि नमूना ओखर खेतिको लागि बस्ति छनौट गरी ओखर खेतिको थालनी गरिने छ।
- हिउदे र बर्षे फलफूलका बोटबिरुवाहरु वितरण गरिनेछ।
- खालि रहेको बाझो जग्गामा फलफुल तथा अन्य विरुवाहरु लगाउने नीति ल्याइनेछ।
- प्लास्टिक घर निर्माणलाई अग्रता दिई मौसमी र बेमौसमी तरकारी उत्पादनमा जोड दिइनेछ।
- उत्कृस्ट आधुनिक किसिमका किसानहरुलाई उत्कृस्ट कृषक पुरुस्कार वितरण गरिनेछ।
- किसानहरुलाई आत्मनिर्भर बनाउने हेतुले संभावना बोकेको ठाउँमा मौरी पकेट स्थापना गरिनेछ।
- कृषिमा आएका नया प्रविधि र सुचना किसान समक्ष्य पुगाउने र किसानहरुलाई सधै कृषि विज्ञहरु संग सक्रिय गराई राख्ने हेतुले सम्पूर्ण वडाहरुमा कृषि संजाल गठन गरिनेछ र तेस्को उचित तरिकाबाट परिचालन गरिनेछ।
- गोठे तथा कम्पोस्ट मल तयार तथा ब्यबस्थापन कार्यनीति कार्यान्वयनमा ल्याइनेछ।
- एक विद्यालय एक करेशाबरी निर्माण कार्यक्रम संचालन गरिनेछ।
- बैदेशिक कामको खोजीमा जाने युवाहरुलाई आफ्नै ठाउमा कृषि कार्य गर्न प्रोत्साहन गरिनेछ.

## उद्योग तथा वाणिज्य :

- यस गाउँपालिकाको शेरा बन्नामा निर्माणाधिन औद्योगिक ग्रामको भौतिक संरचनाहरु निर्माण गरी स्थानीय तहमा पाइने कच्चा पदार्थ प्रसोधन गरी बजारीकरण गरिनेछ।

२०८०/०३/२८

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

❖ स्थानीय तहमा पाइने गिट्टी बालुवाबाट ब्लक उत्पादन गरी बिक्रि वितरण गरिनेछ ।

❖ यस क्षेत्रमा रहेका परम्परागत पेशा व्यवसायहरुलाई घरेलु उद्योगसँग जोडी व्यवसायीकरण गरिनेछ ।

❖ गरिविको रेखामुनी रहेका परिवार पहिचान गरि ५० जना नयाँ उद्यमी सृजना गरिने छ ।

❖ नया उद्यमी सृजना गर्नका लागी ५ वटा समुह गठन गरिने छन ।

❖ नयाँ उद्यमी सृजना अन्तरगत ४० जना लाई ८ दिने उद्यमशिलता विकास तालिम प्रदान गरिने छ ।

❖ उद्यमीहरुको मागमा आधारित सिप विकास तालिमको व्यवस्था गरिने छ ।

❖ उद्यमको प्रकृति हेरी नयाँ प्रविधि हस्तान्त्रण गर्ने कार्य गरिने छ ।

❖ उद्यमीहरुलाई आवश्यकताको आधारमा लघु कर्जामा पहुँचका लागी पहल गरिने छ ।

❖ उद्यमीहरुको उत्पादनको बजारीकरणका लागी आवश्यक सहयोग व्यवस्था गरिने छ ।

❖ व्यवसाय गरि रहेका पुराना उद्यमीहरुको आवश्यकता पहिचानको आधारमा सहयोग व्यवस्था गरिने छ।

❖ उद्यमीहरुको अध्ययन अवलोकन भ्रमणको आयोजना गरिने छ ।

❖ उत्कृष्ट उद्यमीको पहिचान गरि पुरुस्कृत गर्ने व्यवस्था गरिने छ ।

❖ लघु उद्यमीहरु द्धारा उत्पादित वस्तुको विक्री प्रवद्र्धनका लागी कोसेली घर अथवा सौगात गृहको व्यवस्था गरिने छ ।

## पर्यटन :

❖ संघीय र प्रदेश सरकारसँग सहकार्य गरी देवताल देखि ग्वाल्लेक, कैलपाल धुरा देखि देवताल र पञ्चेश्वर देखि शिवनाथ क्षेत्रलाई धार्मीक पर्यटकीय क्षेत्र घोषणा गरी पर्यटकीय कोरीडोर स्थापनाको लागि पहल गरिनेछ ।

❖ पञ्चेश्वर धाम प्रसिद्ध धार्मिक स्थलको रुपमा प्रचार प्रसार गरी संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी पूर्वाधार निर्माणको लागि पहल गरिनेछ ।

## सहकारी/बैंक:

❖ गाउँपालिका क्षेत्र भित्रका सहकारीहरुलाई नियमन तथा व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

❖ गाउँपालिका भित्ररहेका कृषि सहकारीलाई कृषि समुह सित जोडी उत्पादित कृषि जन्य बस्तुहरुलाई वजारीकरण गर्न कृषि सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।

❖ बचत तथा ऋण सहकारी संथाहरुलाई सकृय बनाई उत्पादन क्षेत्रमा लगानी बढाउने र विप्रेषण सेवालाई प्राथमिकता दिइनेछ ।

❖ यस गाउँपालिकाको वडा नं. ०४ र ०६ मा नविल बैंक पञ्चेश्वरबाट दिइने आवश्यक सेवा एजेण्ड मार्फत उपलब्ध गराइनेछ

२०८०।३।२८

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

## २) सामाजिक विकास सम्बन्धी नीतिः

### शिक्षा :

- ❖ विद्यालय शिक्षाको पहुँचसँगै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शैक्षिक गुणस्तर अभिवृद्धि केन्द्रित कार्यक्रम निर्माण र कार्यान्वयन गरिनेछ।
- ❖ कक्षा १-८ को स्थानीय पाठ्यक्रम हाम्रो पञ्चेश्वरको प्रभावकारी कार्यान्वयनका लागि कक्षा १ देखि कक्षा ८ सम्मकै स्थानीय पाठ्यपुस्तक/सन्दर्भ सामग्री विकास तथा कार्यान्वयन गरिनेछ।
- ❖ विद्यालयका शैक्षिक कार्यक्रमहरुलाई व्यवस्थित र योजनाबद्द तरिकाले अगाडी बढाउन आगामी शैक्षिक शत्रको शैक्षिक क्यालेन्डर निर्माण र कार्यान्वयनलाई निरन्तरता दिइनेछ।
- ❖ विद्यार्थीहरुको शैक्षिक उपलब्धि प्राप्तिको सुनिश्चितता गर्न कक्षा ८ को गाउँपालिका स्तरीय परीक्षालाई थप स्तरीकृत र व्यवस्थित बनाइने छ।
- ❖ गाउँपालिका अनुदानलाई विभिन्न मापदण्ड निर्माण गरी पून र्वितरण र व्यवस्थित गरी कार्यसम्पादनमा आधारित बनाइने छ।
- ❖ विद्यार्थीहरुमा प्रतिस्पर्धा र मेहनत गर्ने बानीको विकास गर्न गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलापलाई निरन्तरता दिइने छ।
- ❖ शिक्षा क्षेत्रको कार्यसम्पादनलाई व्यवस्थित वनाउन मौजुदा कानुनको संसोधन परिमार्जनका साथै थप कानून तर्जुमा गरिनेछ।
- ❖ शैक्षिक गुणस्तरलाई अभिबृद्दि गर्न विद्यालय अनुगमनलाई थप व्यवस्थित तथा योजनाबद्धरुपले अगाडि बढाइनेछ।
- ❖ विद्यालय स्तरीय जनशक्तिको क्षमता विकासका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।
- ❖ स्वास्थका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने मूल नारा सहित खेल प्रतिभाहरुको पहिचान गर्न गाउँपालिका स्तरी राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितालाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरिने छ।
- ❖ शैक्षिक तथ्याङ्कहरु त्रुटीरहित र व्यवस्थित बनाउन (IEMIS) तथा कम्प्युटर सम्बन्धी काम गर्ने जनशक्तिको क्षमता विकास गरिने छ।
- ❖ पञ्चेश्वर गाउँपालिकाको दश बर्षे शैक्षिक रणनीति तय गर्न दश बर्षे शिक्षा योजना र शैक्षिक पार्श्वचित्र निर्माण तथा कार्यान्वयन गरिने छ।
- ❖ उपलब्ध स्रोत साधनलाई समुचित परिचालन गर्न गाउँपालिका भित्र शिक्षक दरवन्दी मिलान र पुनरवितरण गरिने छ।

### स्वास्थ्य :

- ❖ प्रत्येक संस्थाबाट स्वास्थ्य सेवा प्रवाह गर्न न्युनतम् मापदण्डको गुणस्तर कायम गर्ने सामग्रीहरु उपलब्ध गराइनेछ।

❖ पालिका स्तरीय अस्पतालमा डाक्टरको सेवा संचालन गर्ने र सो सेवा सम्बन्धी सामाग्री व्यवस्थापन गरिनेछ।

❖ संस्थागत सुत्केरी सेवालाई पूर्ण संस्थागत सुत्केरी पालिका हुने गरी कार्यक्रम अगाडी बढाइनेछ ।

❖ गर्भवती, सुत्केरी र जेष्ठ नागरीकहरुलाई निःशुल्क एम्वुलेन्स सेवा प्रदान गरिनेछ ।

❖ पोषण मैत्री स्वास्थ्य संस्था घोषणालाई निरन्तरता दिईनेछ ।

❖ प्रत्येक महिना विद्यालयमा विद्यार्थीहरुलाई स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाईनेछ ।

❖ आम्चौरा, कुलाउ, गिरेगडा स्वास्थ्य चौकीमा चौबिसै घण्टा इमेर्जेन्सी सेवा संचालनमा ल्याइनेछ ।

❖ जेष्ठ नागरिकलाई घरदैलोमा समान्य स्वास्थ्य सेवा प्रदान गर्न जेष्ठ नागरिक सँग पालिका स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ

❖ गाउघर क्लिनिक, खोप क्लिनिक संचालन लाई निरन्तरता दिईनेछ ।

❖ आधारभुत स्वास्थ्य सेवाको प्रत्यभूति दिलाउन गाँउपालिका भरीका २ ठाउँमा गाउघर क्लिनिकमा भवन व्यवस्था गरिनेछ ।

❖ सम्पूर्ण स्वास्थ्य संस्थामा इन्टरनेट जडान गरी रिपोर्टिङ्ग चुस्त दुरुस्त गरिनेछ ।

❖ व्यवहार परिर्वतनको लागि आमा समूह स्तरिय विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

❖ राष्ट्रिय सामुदायिक स्वास्थ्य स्वंयम सेविकाको प्रोत्साहन भत्तालाई निरन्तरता दिनेछ र सेवामुखि बनाउनेछ ।

## आर्युवेद

❖ दीर्घारोगको उपचारमा सहजता आमावात, सन्धिवत, अनिद्रा तथा डिप्रेशनलाई न्युन गर्न पुर्व कर्म तथा पञ्चकर्म सेवा शुरु गर्ने ।

❖ मधुमेह, उच्चरक्तचाप, मुटु रोग तथा क्यान्सर जन्य रोगलाई न्युनीकरण गर्न योग शिविर सञ्चालन गरिनेछ ।

## बहुक्षेत्रीय पोषण कार्यक्रम

❖ पोषण विशेषपोषण संवेदनशील र समर्थ बनाउने वातावरण सम्बन्धि कार्यक्रमहरुको विस्तार गरी महिला किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याई मानव पुँजिको विकास गरिने नीति अवलम्बन छ ।

❖ बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तिको लागि विषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलाहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै पुर्ण पोषणमैत्रि वडा हुदै गाउँपालिकालाई नै पुर्ण पोषणमैत्री स्थानिय तह घोषणा तर्फ उन्मुख गर्ने निती अबलम्बन छ ।

- पालिका स्तरीय अस्पतालमा डाक्टरको सेवा संचालन गर्ने र सो सेवा सम्बन्धी सामाग्री व्यवस्थापन गरिनेछ।
- संस्थागत सुत्केरी सेवालाई पूर्ण संस्थागत सुत्केरी पालिका हुने गरी कार्यक्रम अगाडी बढाइनेछ ।
- गर्भवती, सुत्केरी र जेष्ठ नागरीकहरुलाई निःशुल्क एम्वुलेन्स सेवा प्रदान गरिनेछ ।
- पोषण मैत्री स्वास्थ्य संस्था घोषणालाई निरन्तरता दिईनेछ ।
- प्रत्येक महिना विद्यालयमा विद्यार्थीहरुलाई स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाईनेछ ।
- आम्चौरा, कुलाउ, गिरेगडा स्वास्थ्य चौकीमा चौबिसै घण्टा इमेर्जेन्सी सेवा संचालनमा ल्याइनेछ ।
- जेष्ठ नागरिकलाई घरदैलोमा समान्य स्वास्थ्य सेवा प्रदान गर्न जेष्ठ नागरिक सँग पालिका स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ
- गाउघर क्लिनिक, खोप क्लिनिक संचालन लाई निरन्तरता दिईनेछ ।
- आधारभुत स्वास्थ्य सेवाको प्रत्यभूति दिलाउन गाँउपालिका भरीका २ ठाउँमा गाउघर क्लिनिकमा भवन व्यवस्था गरिनेछ ।
- सम्पूर्ण स्वास्थ्य संस्थामा इन्टरनेट जडान गरी रिपोर्टिङ्ग चुस्त दुरुस्त गरिनेछ ।
- व्यवहार परिर्वतनको लागि आमा समूह स्तरिय विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- राष्ट्रिय सामुदायिक स्वास्थ्य स्वंयम सेविकाको प्रोत्साहन भत्तालाई निरन्तरता दिनेछ र सेवामुखि बनाउनेछ ।

## आर्युवेद

- दीर्घारोगको उपचारमा सहजता आमावात, सन्धिवत, अनिद्रा तथा डिप्रेशनलाई न्युन गर्न पुर्व कर्म तथा पञ्चकर्म सेवा शुरु गर्ने ।
- मधुमेह, उच्चरक्तचाप, मुटु रोग तथा क्यान्सर जन्य रोगलाई न्युनीकरण गर्न योग शिविर सञ्चालन गरिनेछ ।

## बहुक्षेत्रीय पोषण कार्यक्रम

- पोषण विशेषपोषण संवेदनशील र समर्थ बनाउने वातावरण सम्बन्धि कार्यक्रमहरुको विस्तार गरी महिला किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याई मानव पुँजिको विकास गरिने नीति अवलम्बन छ ।
- बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तिको लागि विषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलाहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै पुर्ण पोषणमैत्रि वडा हुदै गाउँपालिकालाई नै पुर्ण पोषणमैत्री स्थानिय तह घोषणा तर्फ उन्मुख गर्ने निती अबलम्बन छ ।

## खानेपानी, सरसफाईतथा स्वच्छता:

- नागरिकलाई शुद्ध खानेपानी उपलब्ध गराउने उद्देश्यले स्थापित पानी परिक्षण प्रयोगशालालाई आ.व. को शुरुमै संचालनमा ल्याइने छ।
- तिन तारे बिद्यालय सुनिश्चितता तथा पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिईने छ।
- एन वास सर्वेक्षणलाइ निरन्तरता दिदै गाउँ पालिकाको एन वास योजना तयार गरिने छ।
- गाउँपालिकामा निर्मित खानेपानी योजनाहरुको मर्मत सम्भार तथा शु-संचालनका लागि व्यवस्था मिलाइने छ।
- हाल सम्म सहकारीमा आवद्ध नभएका खानेपानी योजनाहरुलाई दीगो तथा भरपर्दो सहकारीमा आवद्ध हुन् प्रेरित गरिनेछ।
- यस पालिका संग साझेदारीमा खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा काम गर्न प्रक्रियामा रहेका सम्भावित विकासे साझेदारहरु (फिनिस+इयु तथा युनिसेफ) का लागि सम्पुरक कोषको व्यवस्था गरिने छ।

## खेलकुद तथा मनोरञ्जन:

- खेलकुद क्षेत्रको विकास गर्न यस गाउँपालिकामा एक गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी सोही मार्फत सम्पूर्ण खेलकुदको कार्यक्रम सञ्चालन गरिनेछ। उक्त खेलकुद प्रतियोगितामा महिला तथा पुरुषलाई सहभागी गराइनेछ।
- गत विगतका निर्माणाधिन खेलमैदानहरुलाई पूर्णता दिन आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण:

### महिला तर्फ

- महिला सशक्तीकरणका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ साथै श्रमिक महिलाहरुको कार्यवोझ घटाउन कुटानी पिसानी चक्की अनुदानमा उपलब्ध गराइनेछ।
- हिंसा पिडीत महिला तथा बालबालिकाहरुलाई खोज तथा उद्धार गरी आवश्यक सहयोग गरिनेछ।
- मार्यादित महिनावारी स्वच्छता प्रवर्द्धनका लागि सबै वडामा कार्यक्रम सञ्चालन गरिनेछ।
- यस बर्ष उपाध्यक्षसँग महिला स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिनेछ।
- परम्परागत सीप र आधुनिक प्रविधिलाई जोड्दै स्थानीय सम्भावनामा आधारित उद्यमशीलता तालिम सञ्चालन गरिनेछ साथै महिलाहरुको क्षमता विकासका लागि क्षमता अभिवृद्धि तालिम दिइनेछ।
- महिलाहरुका अधिकार सुनिश्चित गर्न वडाहरुमा महिला सुरक्षाँ समूह गठन गरिनेछ।

### बालबलिका तर्फ

- बालअधिकार सम्बन्धी राष्ट्रिय नीति तथा अन्तराष्ट्रिय सन्धि सम्झौताहरु कार्यान्वयन एवं पालना गरिनेछन्।

२०८०।३।१२

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

❖ गाउँपालिका क्षेत्र भित्र बालविवाह न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् र सार्वजनिक स्थलहरुमा यस सम्बन्धी होर्डिङ्ग बोर्ड लगाइनेछ ।

❖ गाउँपालिकाले अभिभावक विहीन बालबालिकाहरुको शिक्षा र स्वास्थ्यको पूर्ण रुपमा ग्यारेन्टी गरिनेछ ।

**दलित तर्फ**

❖ दलितका परम्परागत सीप र कलालाई आधुनिकीकरण गरी व्यवसाय सञ्चालनमा ल्याइनेछ ।

❖ दलित बालबालिकाहरुलाई शिक्षाको हकको सुनिश्चितता गर्न व्यवसायिक, प्राविधिक तथा उच्च शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

❖ दलितहरुलाई सुरक्षित अवासको अनुभूति हुने गरी उत्पादन योग्य भूमि र अवासको व्यवस्था मिलाइनेछ ।

❖ अगामी आ.व. मा विद्युत सेवा विस्तार हुने वडाका विपन्न दलितहरुलाई विद्युत मिटर उपलब्ध गराइनेछ ।

❖ प्रत्येक वडामा १/१ दलित बस्तिलाई नमूना उन्मुख बस्ति स्थापना गरिनेछ ।

❖ छूट हलियाका सवालमा बास्तविकता अध्ययन गरी प्रदेश र संघिय सरकारसँग समन्वय गरी पुनर्स्थापना कार्यको थालनी गरिनेछ ।

**युवा तर्फ**

❖ रोजगारीको शिलशिलामा मित्रराष्ट्र भारत तथा अन्य देशहरुमा जाने श्रमिक युवाहरुको दुर्घटना वीमाको व्यवस्था गरिनेछ ।

❖ चालु आ.व. मा पनि युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइनेछ । उक्त कार्यक्रम सञ्चालनका लागि छुट्टै कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।

❖ प्रतिभावान युवाहरुको क्षमता विकास गर्न तालिमको व्यवस्था गरिनेछ ।

**फरक क्षमता व्यक्ति (अपाङङ्गता)तर्फ**

❖ यस गाउँपालिका भित्र बन्ने सम्पूर्ण पूर्वाधारका संरचनाहरु अपाङ्गमैत्री बनाइने छन् ।

❖ पूर्ण अपाङ्ग भएका व्यक्तीहरुको डाटा संकलन गरी सहायक सामग्री वितरण गरिनेछ ।

**जेष्ठ नागरिक तर्फ**

❖ अगामी आ.व. २०८०/०८१ बाट ८५ वर्ष पूरा गरेका जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

❖ अध्यक्षसँग जेष्ठ नागरिक उपचार घरघरमा डाक्टर कार्यक्रम सञ्चालन गरिनेछ ।

❖ साहारा विहीन जेष्ठ नागारिकलाई प्रोत्साहन स्वरुप आवश्यक आर्थिक सहायता गरिनेछ ।

### ३) पूर्वाधार विकास सम्बन्धी नीति:

पन्चेश्वर गाउँपालिकामा सञ्चालित हुने बिकास निर्माणका कार्यहरुको गुणस्तर कायम गर्न दक्ष मिस्त्रिलाई मात्र कामकाजमा खटिइने छ सोको लागि गाउँपालिका भित्र रहेका मिस्त्रीहरुलाई प्राविधिक तालिमको व्यवस्था गरिनेछ । उक्त तालिम सम्पन्न भए पश्चात प्राविधिक फाट बाट Certificate को व्यवस्था गरिनेछ ।

२०८०/३/१२

गोरख बहादुर चन्द
अध्यक्ष
पन्चेश्वर गाउँपालिका

पन्चेश्वर गाउँपालिकामा सन्चालित हुने योजना जसले बातावरणमा ठुलो असर पार्छ, ती योजनाहरुको निर्माण कार्य बातावरणीय असर मुल्यांकन (IEE/EIA) गरेपश्चात मात्र गरिनेछ।

## स्थानीय सडक तथा पुलः

- गाउँपालिका अन्तर्गत निर्मित सडकहरुलाई दीगो तथा प्रभावकारी बनाउन नालि तथा भलहरुको उचित व्यवस्थापन गरेछ।
- ५ बर्ष भित्र यस गाउँपालिका केन्द्रबाट सबै वडाहरुलाई जोड्ने सडकहरु कालोपत्रे गरिनेछ साथै सबै टोलहरु जोड्ने सडकहरु स्तरोन्नति गरिनेछ।
- बहु चर्चित पाटन पञ्चेश्वर सडकलाई यस आर्थिक वर्ष भित्र गन्तव्य स्थानमा पुर्याउन पहल गरिनेछ।
- भारतको सीमा क्षेत्र जोड्ने गरी ५ वटा स्थानबाट महाकाली नदी सम्म सडक विस्तार गरिनेछ।
- गाउँपालिका भित्र रहेका सबै सडकहरु लाई वतावरणमैत्री बनाउन सडकको वरीपरी वृक्षारोपण गरिनेछ। सोका लागि आवश्यक पर्ने फलफूल, बास, निङ्गला आदिका बिरुवाहरु उपलब्ध गराइनेछ।
- पञ्चेश्वर गाउँपालिका क्षेत्र भित्र पर्ने महाकाली करिडोर निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ।
- पाटन-पञ्चेश्वर सडक खण्डमा रात्रि तथा दिवा बस सेवा सञ्चालनका लागि पञ्चेश्वर सडक खण्डको स्तरोन्नती गरी बस सेवा सञ्चालन को लागि आवश्यक पहल गरिनेछ ।

## सिचाइः

- गाउँपालिका क्षेत्र भित्रको सिंचित जमिनमा सिंचाइका लागि वृहत सिंचाइ योजना सञ्चालनको लागि पहल गरिनेछ।
- सम्भाव्यता अध्ययन गरी गाउँपालिका क्षेत्रभित्रका सम्भाव्य क्षेत्रहरुमा लिफ्टिङ्ग सिंचाइको व्यवस्थाका लागि पहल गरिनेछ।
- साना सिंचाइ कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- गत विगतका वर्षमा अधुरा रहेको योजनाहरुलाई सम्पन्न गर्न चालु आर्थिक वर्षमा बजेटको व्यवस्था गरिनेछ।

## भवन तथा सहरी विकासः

- यस गाउँपालिका भित्र निर्माणाधीन सम्पूर्ण भवनहरु ३ वर्षभित्र पुरा गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।
- यस गाउँपालिकामा सञ्चालित जनता अवास कार्यक्रम लागु नभएका वडाहरुमा सञ्चालन गर्न सम्बन्धित निकायमा पहल गरिनेछ।



२०८०।३।२८

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

❖ यस गाउँपालिकामा वडा कार्यालय भवन निर्माण हुन बाकी रहेका वडाहरुमा भवन निर्माण गर्न पहल गरिनेछ ।

❖ यस गाउँपालिका भित्र निर्माण हुने घरहरु भवन अचारसहिता बमोजिम नक्सा पास गरी निर्माण गर्न पहल गरिनेछ

## उर्जा लघु तथा साना जलविद्युत:

❖ आगामी १ वर्ष भित्र यस गाउँपालिकाका सबै वडाहरुमा विद्युतको राष्ट्रिय प्रसारण लाइन जोडिनेछ ।

❖ गाउँपालिकाभित्रका सबै मुख्य बजार क्षेत्रहरुमा सौर्य सडक बत्तीहरु यसै वर्ष जडान गरिनेछन् ।

❖ पालिकालाई धुवाँरहित क्षेत्र घोषणा तथा नविकरणीय उर्जामा महिलाको पहुँच बृधि गर्नका लागि घरभित्रको धुँवा मुक्त अभियानलाई सफल बनाउन आधुनिक सुधारिएको चुलो (तह तिन) को प्रवर्धन गरिने छ ।

## सञ्चार:

❖ अगामी १वर्ष भित्र यस गाउँपालिका अन्तर्गत रहेका सबै वडाहरुमा 4G नेटवर्कको उपलब्धताको लागि पहल गरिनेछ ।

❖ अगामी १ वर्ष भित्र यस पञ्चेश्वर गाउँपालिका अन्तर्गतका सबै संस्थाहरुमा द्रुत गतिको इन्टरनेट उपलब्ध गराइनेछ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

❖ रोजगार सँग सम्बन्धित तथ्याङ, सूचना संकलन, रोजगार सिर्जना तथा माग बमोजिमका रोजगारका अवसरहरुमा पदस्थापनका क्रियाकलापहरु सञ्चालन गरिने छ ।

❖ यस गाँउपालिकाको रोजगार सेवा केन्दमा सूचिकृत भएका विपन्न बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनहरु तथा कामका लगि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनितम रोजगारिको प्रत्याभूति गरानेछ ।

❖ दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्न श्रम बजारमा माग बमोजिमका सीपमूलक तालिमको पहिचान गरी बेरोजगार ब्यक्तिलाई तालिम प्रदायक सस्था सङ्ग समन्वय गरी तालिम विस्तार गरिनेछ।

❖ संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्च कायम गर्दै रोजगारका क्षेत्र विस्तार गरिनेछ ।

❖ आन्तरिक रोजगारी सिर्जना गर्ने सरोकारवाला निकाय, निजी, सहकारी तथा गैर सहकारी क्षेत्र सँग समन्वय र सहकार्यमा जोड दिइनेछ।

❖ बैदेशिक रोजगारी बाट फिर्ता आएका श्रमिकहरुको सिप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ साथै स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय यूवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।

२०८०/३/२८



गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

- रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी गाँउपालिकाको माग र आवश्यकता अनुसार एकीकृत श्रम तथा रोजगार सेवा प्रदान गरिनेछ।
- पालिका स्तरीय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहारुलाई प्राथमिकता दिइनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजनामा लाग्ने निर्माण सामाग्री/औजारहरु तथा योजनामा खटिने श्रमिकको ज्यालामा साझेदारी गरि कार्यक्रमलाई थप सशक्त बानाईनेछ।
- वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजिकरण तथा परामर्श सेवा प्रदान गर्नुका साथै वैदेशिक रोजगारबाट फर्केका श्रमिकको सामाजिक र आर्थिक पुनः एकीकरण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिका लागि व्यक्तिगत श्रम स्वीकृति एवं पुनःश्रम-स्वीकृतिको अनलाईन आवेदन प्रक्रियामा सहजिकरण गर्नुको साथै वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायताको लागि सहजिकरण गरिनेछ।
- गाँउपालिका भित्र आवश्यकता र ओचित्यताको आधारमा "श्रमको सम्मान, राष्ट्रको अभियान & quot का विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।
- रोजगारिको हकको प्रभावकारी कार्यान्वयन, स्थानीय तहमा उपलब्ध हुने रोजगारको अवसरको पहिचान, समस्याको निदान र रोजगारको क्षेत्रम नविनतम् उपाय र बिभिन्न पहिचान गरी आवश्यकता अनुसार स्थानीय तहलाई राय सुझाव प्रदान गर्न रोजगार संवाद मञ्च गठन एवं सञ्चालन गरिनेछ।
- पञ्चेश्वर गाँउपालिकाको रोजगार रणनीति तर्जुमा गरी अद्यावधिक एवं कार्यान्वयन गरिनेछ।
- स्थानिय तहमा पहुँच भएका श्रम र रोजगार समबन्धी सूचना प्रणाली सञ्चालन र विवरण अद्यावधिक गरिने छ।

## ४) वतावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः

### वनः

- सामुदायिक बनहरुलाई गाउँपालिकामा दर्ता गर्न लगाई व्यवस्थित गरिनेछ।
- चालु आर्थिक वर्षमा यस गाउँपालिकामा वैज्ञानिक वनको नीति अवलम्बन गरिनेछ।
- गाउँपालिका भित्र रहेको खाली भू-भाग हरुमा वृक्षारोपण गरिनेछ।
- गाउँपालिका भित्रका वन उपभोक्ता समितिहरुलाई सक्रिय बनाइ वन जोगाइनेछ। वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।
- सामुदायिक वनहरुलाई चालू आर्थिक वर्ष देखि अनिवार्य रुपमा अद्यावधिक गरिनेछ।
- एक वडा एक नर्सरी स्थापना गरिनेछ।

२०८०।३।२०



गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

❖ वन सम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रम गरिनेछ।

❖ वन फँडानी न्यूनीकरण गर्नका लागि गोबर ग्यास, वायु ग्यास र वैकल्पिक ऊर्जामा जोड दिइनेछ।

## जलाधार संरक्षण:

❖ यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण जलाधारहरुको संरक्षण गर्नका लागि नीति अवलम्बन गरिनेछ। सोका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

❖ गाउँपालिकामा रहेका पानीका मुहानहरु संरक्षण गर्न वृक्षरोपणका कार्यक्रमहरु अगाडि बढाइनेछ।

## वतावरण संरक्षण जलवायु परिवर्तन:

❖ गाउँपालिकालाई स्वच्छ सफा एवं वतावरणमैत्री बनाउन नीति अवलम्बन गरिनेछ।

## विपद व्यवस्थापन:

❖ भविष्यमा आइपर्ने विपदहरु व्यवस्थापनका लागि विपद व्यवस्थापन कोषलाई सुदृढ गरिनेछ।

❖ विपदबाट हुने क्षति न्यूनीकरणका लागि पूर्व तयारी सम्बन्धी नीति अवलम्बन गरिनेछ।

❖ गाउँपालिकाभित्र विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीको पहिचान गरी स्थानान्तरणका लागि आवश्यक प्रक्रियाको थालनी गरिनेछ।

❖ आपतकालीन सूचना केन्द स्थापना गरिनेछ।

## भू- उपयोग:

❖ पञ्चेश्वर गाउँपालिकामा सञ्चालन भइरहेको भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको कार्य अगामी आर्थिक बर्षमा सम्पन्न गरिनेछ।

❖ पञ्चेश्वर गाउँपालिकाको भू उपयोग योजना बमोजिम जग्गाधनी दर्ता प्रमाण पूर्जा अद्यावधिक गरिनेछ सोही अनुसार योजना बनाइ कार्यान्वयन गरिनेछ।

❖ पञ्चेश्वर गाउँपालिका भित्र रहेको सरकारी सार्वजनिक गुठी जग्गा पहिचान गरी संरक्षण र उपयोगको योजना बनाइनेछ। यसबाट कृषि र पर्यटन प्रवर्द्धन का साथै बिपद् व्यवस्थापन तथा सामाजिक सवाल सम्बोधन प्रक्रियामा सहयोग पुग्नेछ।

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

## ५) संस्थागत विकास,सेवा प्रवाह र सुशासनः

### संस्थागत विकास र सुशासनः

- "हामीले तिरेको कर, पालिका विकासको आधार" भन्ने आदर्शलाई गाउँपालिका बासीको चाहना अनुरुप अगाडि बढाउने नीति अवलम्बन गरिनेछ सोका लागि छुट्टै राजश्व शाखा स्थापना गरिनेछ ।
- पन्चेश्वर गाउँपालिकामा रहेका प्राविधिक कर्मचारि लगायत अन्य कर्मचारीहरुको क्षमता बिकासका लागि तालिमको व्यवस्था गरिनेछ।
- गाउँपालिकाको आन्तरिक राजश्व बृद्धि गर्न करका सम्भाव्य क्षेत्रहरु पहिचान गरी कार्यविधि बनाइ कार्यान्वयन गरिनेछ ।
- भ्रष्टाचार र अनियमित कार्यलाई कडाइका साथ नियन्त्रण गर्दै पारदर्शी र जवाफदेही प्रणालीलाई सुदृढ तुल्याइनेछ ।
- अगामी बर्ष देखि जनता सँग जनप्रतिनिधि कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- कर्मचारीहरुसँग बार्षिक करार सम्झौता गरी सोही अनुसार करार थप गरिनेछ ।
- अगामी बर्ष देखि यस कार्यालयबाट मुस्कान सहितको सेवा प्रदान गरिनेछ ।
- नतिजामुखी अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- खरिद प्रक्रियामा पारदर्शीता गर्न १० लाख माथिका सम्पूर्ण योजनाहरु टेण्डर मार्फत सञ्चालन गरिनेछ ।

### सूचना प्रविधिः

- गाउँपालिकाको वेबसाइटलाई अध्यावधिक राखी महत्वपुर्ण निर्णय जानकारी र सूचनालाई वेबसाइटमा राख्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकामा Digital नागरिक वडापत्र जडान गरि सेवा सम्बन्धित सम्पूर्ण जानकारी Digital नागरिक वडापत्र द्धारा जानकारी हुने छ ।
- गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधालाई क्रमशः सफ्टवेयर प्रणाली तथा विद्युतीय माध्यमबाट संचालन गर्दै लगिनेछ ।
- गाउँपालिका सम्पुर्ण सूचनाहरु प्रवाह पारदर्शिता गर्ने Digital Notice Board जडान गरिनेछ ।
- गाउँपालिका बाट प्रवाह हुने सेवालाई व्यव्स्थीत र सुलभ बनाउन छिटो र छरितो कार्यका लागि Queue Management System पालो व्यवस्थापन प्रणाली लागु गरिने छ ।
- गाउँपालिकामा Server जडान गरि वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी तथा अन्य कार्यालयहरुमा आवश्यकता अनुरुप इन्टरनेट जडान गरि Server द्धारा इन्टरनेटको गति नियमन गरिनेछ ।
- यस गाउँपालिका अन्तरगतका कार्यालयहरुमा CCTV Camera जडान गरि चुस्त र दुरुस्त रुपमा अनुगमन गरिने छ ।

२०८०/३/२८

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

## पञ्जिकरण व्यवस्थापन:

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रम पुर्णरुपले online system मा संचालन भइसकेको हुनाले यस कार्यक्रमलाई थप सहज बनाउन वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिनेछ।
- व्यक्तिगत घटना दर्ता प्रणालीलाई थप प्रभावकारी बनाउन सरोकारवालाहरुलाई क्षमता विकास सम्बन्धी अभिमुखिकरण कार्यक्रम तथा जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## अनुसन्धान तथा विकास:

- यस आर्थिक वर्षमा विभिन्न क्षेत्रमा सकारात्मक सोच सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु यस वर्ष देखिसञ्चालन गरिनेछ।
- गाँउपालिका क्षेत्र भित्र रहेको रुढीवादी परम्परालाई हटाउन धामी-झाँक्रीहरुसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
- कर्मचारीको वृत्ति विकासका लागि विभिन्न तालिम, गोष्ठी तथा सेमिनारहरुको आयोजना गरिनेछ।
- कार्यालय कामकाजलाई थप प्रभावकारी बनाउन कर्मचारीहरुलाई थप सेवा सुविधाको व्यवस्था गरिनेछ।

## न्यायिक समिति:

- चालु आर्थिक वर्षमा न्यायिक समितिको कार्य कक्ष स्थापना गरिनेछ।
- न्यायिक समितिको क्षमता अभिवृत्ति गर्न तालिम तथा गोष्ठी सञ्चालन गरिनेछ।
- अन्ययमा परेका व्यक्तिहरुलाई न्ययको अनुभूति दिलाउन न्यायिक समिति पीडितसँग  कार्यक्रम सञ्चालन गरिनेछ

**आदरणिय यस तेह्रौं गाउँ सभाका अध्यक्ष ज्यू, लगायत सम्पूर्ण सदस्य ज्यूहरु**

अब म आर्थिक वर्ष २०८०।०८१ को बजेट को बिश्लेषणात्मक विवरण प्रस्तुत गर्न चाहन्छु।

| क्र. सं. | वजेट शिर्षक विवरण | श्रोत | अनुमानित रकम |
|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | नेपाल सरकार | रु.८,११,००,०००।- |
| २ | राजश्व वाडफाड | नेपाल सरकार | रु.८,२५,१९,२००।- |
| ३ | समपुरक अनुदान | नेपाल सरकार | रु. ७५,००,०००।- |
| ४ | सशर्त अनुदान | नेपाल सरकार | रु. १८,९२,००,०००।- |
| ६ | विशेष अनुदान | नेपाल सरकार | रु. ८०,००,०००।- |
| ७ | वित्तीय समानीकरण अनुदान | प्रदेश सरकार | रु. ६५,४५,०००।- |



पञ्चेश्वर गाउँपालिका गाउँपालिकाको कार्यालय पञ्चेश्वर, बैतडी सुदूरपश्चिम प्रदेश नेपाल

गोरख बहादुर चन्द अध्यक्ष पञ्चेश्वर गाउँपालिका

२०८०।३।२८

| | | | |
|---|---|---|---|
| ८ | राजश्व बाँडफाँड | प्रदेश सरकार | रु. १३,०२,०००।- |
| ९ | सशर्त अनुदान | प्रदेश सरकार | रु. १७,५०,०००।- |
| १० | विशेष अनुदान | प्रदेश सरकार | रु.००।- |
| ११ | समपुरक अनुदान | प्रदेश सरकार | रु. ३४,४६,०००।- |
| १२ | आन्तरिक राजश्व | पञ्चेश्वर गाउँपालिका | रु. ५०,००,०००।- |
| | गत वर्षको अ.ल्या. | पञ्चेश्वर गाउँपालिका | रु. ९०,००,०००।- |
| | **जम्मा** | | **रु. ३९,५३,६२,२००।–** |

बजेट आफै तथ्यमा आधारित अनुमान हो। यसको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लै प्रयासले सम्भव छैन। तसर्थ गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु, कर्मचारी साथीहरु, राजनैतिक दल,संघ, संस्था, विकास साझेदार र आम जनसमुदायहरुको प्रयास बाट मात्र सम्भव छ। समग्र पञ्चेश्वरको विकासबाट समृद्धि प्राप्तिको लक्ष्यलाई ठोस रुपमा अगाडि बढाउँदै तर्जुमा भएका योजनाहरुलाई प्रभावकारी र वैज्ञानिक रुपमा कार्यान्वयन गर्न सबै तिरबाट सहयोग हुनेछ भन्नेमा पूर्ण विश्वस्त छु।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण कार्यपालिकाका सदस्य ज्युहरु, राजनैतिक दलका प्रतिनिधिहरु, आम जनसमुदाय, दाजु-भाइ तथा दिदी-बहिनीहरु र राष्ट्रसेवक कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु। पञ्चेश्वरको विकास प्रकृयामा सहयोग उपलब्ध गराउने नेपाल सरकार,सुदूरपश्चिम प्रदेश सरकार,दातृ निकाय, सं- संस्था तथा निजी क्षेत्र प्रति म पञ्चेश्वर गाउँपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दै, आगामी दिनहरुमा पनि निरन्तर रुपमा अटुट सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद।

२०८०।३।२८

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

बिना भट्ट
उपाध्यक्ष
पञ्चेश्वर गाउँपालिका